पुस,२०७४

# टिपिडि तालिम पाठ्यक्रम

## सिकाइ व्यवस्थापन

(आधारभूत तह)

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र. सं. | विषयबस्तु | पेज नम्बर |
| --- | --- | --- |
| १ | परिचय | १ |
| २ | तालिमको लक्ष्य तथा उद्देश्य | १ |
| ३ | तालिमको सक्षमता | २ |
| ४ | तालिमको संरचना | २ |
| ५ | तालिमको विषयवस्तु | ३ |
| ६ | तालिम कार्यान्वयन कार्यविधि | ६ |
| ७ | तालिम मूल्यांकन | ७ |
| ८ | परियोजना कार्य | ८ |

## १. परिचय

दक्ष शिक्षक नै गुणस्तरीय शिक्षाको सुनिश्चितता आधार हो । निरन्तर पेसागत क्षमता विकास शिक्षकको आवश्यकता हो । नेपाल सरकार शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय तहमा कार्यरत शिक्षकको पेसागत क्षमता विकास गर्ने जिम्मेवार निकाय शैक्षिक जनशक्ति विकास केन्द्र हो । शिक्षकको क्षमता विकाससम्बन्धी कार्यक्रमको मार्गदर्शनको रुपमा रहेको शिक्षक पेसागत विकास प्रारुप, २०७२ बमोजिम शिक्षक पेसागत विकास (टिपिडी) ढाँचामा शिक्षक तालिम सञ्चालन हुँदै आएका छन् ।

शिक्षक पेसागत विकास प्रारुप, २०७२ अनुरुप शिक्षकले पाँच वर्षको अवधि भित्र पाउने ३० दिन अवधिको प्रमाणीकरण तालिमलाई १५/ १५ दिनको दुई चरणमा विभाजन गरिएको छ । प्रत्येक चरणमा १० दिनको तालिम केन्द्रमा आधारित आमने-सामने र ५ दिनको विद्यालयमा आधारित स्वाध्याय गरी दुई खण्डमा तालिम सञ्चालन गर्ने व्यवस्था छ । सामान्यतया पहिलो चरणको तालिम आफूले अध्यापन गर्ने मुख्य विषयमा र दोस्रो चरणको तालिम आवश्यकताको अन्य क्षेत्रमा लिनुपर्ने प्रावधान रहेको छ ।

विद्यालय शिक्षा सुधार अभियानका रुपमा सरकारले तर्जुमा गरेको विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan-SSDP) अन्तर्गत परिमार्जित शिक्षक पेसागत विकास प्रारुप, २०७२ मा शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रम विकास गर्ने व्यबस्था रहेको छ । जसअनुरुप आधारभूत तहका शिक्षकलाई लक्षित गरी कक्षाकोठाभित्रको सिकाइ वातावरण सुदृढ गर्नका लागि आवश्यक विषयवस्तु समावेश गरी **“सिकाइ व्यवस्थापन”** विषयमा यो पेसागत विकास तालिम पाठ्यक्रम तयार गरिएको छ । .

## २. तालिमको लक्ष्य तथा उद्देश्य

आधारभूत तहमा अध्यापनरत शिक्षकलाई विभिन्न विषय शिक्षणका क्रममा प्रभावकारी सिकाइ व्यवस्थापन सम्बन्धी व्यावहारिक सिप प्रदान गर्ने लक्ष्यका साथ विकसित यो तालिम पाठ्यक्रमले देहाय बमोजिमका उद्देश्य लिएको छ :

- समय सापेक्ष शैक्षणिक योजना तथा उद्देश्य निर्माण सिपको विकास गर्ने
- विद्यार्थीको भिन्नतासमेतको उचित व्यवस्थापन गरी प्रभावकारी कक्षा सिकाइ वातावरण सिर्जना गर्न सहयोग गर्ने

- विद्यार्थीमा व्यवहार कुसल सिप विकासका उपाय अवलम्बन गर्दै सह तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापन गर्न सक्षम तुल्याउने

## ३. तालिम सक्षमता

यो तालिम पाठ्यक्रमले सहभागी शिक्षकमा निम्न लिखित सक्षमता हासिल हुने अपेक्षा गरेको छः

- सम्बन्धित विषयको पाठ्यक्रम कार्यान्वयनका लागि शैक्षणिक योजना निर्माण
- परिवर्तित आयामहरू आत्मसात गर्दै पाठका उपयुक्त उद्देश्य निर्धारण
- विद्यार्थीमा विद्यमान बहुप्रतिभा पहिचान र सोअनुरुप शिक्षण सिकाइ सहजीकरण
- व्यवहार कुसल सिपको अवधारणा, महत्त्व तथा विद्यमान पाठ्यक्रममा यसको आवद्धता समीक्षा
- विद्यार्थीमा व्यवहार कुसल सिप विकासका लागि उपयुक्त तरिका अवलम्बन
- प्रभावकारी शिक्षण सिकाइका लागि कक्षाकोठाका विविध पक्षको व्यवस्थापन
- विद्यार्थीको रुचि, क्षमता एवम् स्तर अनुरुप सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन

## ४. तालिमको संरचना

क. यो तालिम १५ दिन अवधिको हुनेछ । यसको पहिलो खण्ड १० दिनको तालिम कार्यशाला ढाँचामा आमने-सामने मोडबाट जिल्ला सदरमुकाममा अवस्थित शैक्षिक तालिम केन्द्र अथवा अगुवा स्रोतकेन्द्रमा सञ्चालन हुनेछ । यसको दोस्रो खण्ड ५ दिन अवधिको स्वाध्याय अभ्यास ढाँचामा आधारित हुनेछ ।

ख. दोस्रो खण्डको ५ दिने स्वाध्याय अभ्यास ढाँचा अन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई ४ वटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ । परियोजना कार्यको सवै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रमा अनिवार्य रुपमा पेस गर्नुपर्नेछ । यसमा मूलतः १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सीपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्धनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य तोकिनेछ ।

## ५. तालिमका विषयवस्तु

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १. | शिक्षण सिकाइको उद्देश्य तथा योजना निर्माण | • अवधारणा (शैक्षणिक योजनाः पाठ, एकाइ, वार्षिक)<br>• पाठ्यक्रम कार्यान्वयन योजना<br>• ब्लुम्स ट्याक्सोनोमी<br>○ परिमार्जित ब्लुम्स ट्याक्सोनोमी<br>○ सूचना प्रविधि तथा श्रव्यदृश्य सामग्रीमा ब्लुम्स ट्याक्सोनोमीको प्रयोग<br>• उद्देश्य निर्माण<br>○ विषयगत अभ्यास ( परिमार्जित ब्लुम्स ट्याक्सोनोमीको आधारमा सबै तहका शब्द चार्टको प्रयोगद्वारा)<br>• योजनासँग आवद्धता<br>○ स्मार्ट पाठ योजना निर्माण र कार्यान्वयन<br>○ एकाइ तथा वार्षिक योजना | ६ |
| २. | बहुप्रतिभा व्यवस्थापन | • अवधारणा<br>○ परिचय, प्रकार, सिकाइमा महत्त्व<br>○ सिकाइका तरिका<br>• विद्यार्थीको बहुप्रतिभा पहिचान<br>○ पहिचानका तरिका (क्रियाकलाप, व्यवहार, सहभागिता अवलोकन)<br>○ साधन (वर्कशीट, व्यवहार अवलोकन फाराम)<br>• बहुप्रतिभा अनुसार शिक्षण सिकाइ सहजीकरण<br>○ बहुप्रतिभा अनुकुल क्रियाकलाप व्यवस्थापन | ६ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | ○ शिक्षण विधि तथा क्रियाकलापमा विविधता<br>○ रुचि, क्षमता तथा सिक्ने तरिका अनुरुप समूह निर्माण (अभ्यास) वा वैयक्तिक क्रियाकलाप | |
| ३. | व्यवहार कुसल सिपको विकास | • अवधारणा<br>○ परिचय, प्रकार, महतत्व<br>○ नेपालका सन्दर्भमा व्यवहार कुसल सिप<br>• विद्यालय पाठ्यक्रममा व्यवहार कुसल सिप<br>○ वर्तमान अवस्था, आवद्धता अध्ययन<br>• व्यवहार कुसल सिप विकासका तरिकाको अभ्यास<br>○ योजना निर्माणमा व्यवहार कुसल सिप समायोजन<br>○ शिक्षण सिकाइ क्रियाकलाप<br>○ व्यवहार कुसल सिप विकासको लेखाजोखा | ६ |
| ४. | कक्षाकोठा व्यवस्थापन | • कक्षाकोठा व्यवस्थापनको परिचय, आवश्यकता र महत्त्व<br>• भौतिक व्यवस्थापन<br>○ बसाइ व्यवस्थापन<br>▪ सिकाइ क्रियाकलाप<br>▪ उमेर, शारीरिक अवस्था, विद्यार्थी संख्या<br>▪ शिक्षक/विद्यार्थी केन्द्रित क्रियाकलाप अनुरुप बसाइ<br>○ सिकाइमैत्री कक्षाकोठा वातावरण | ६ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | ▪ सजावट (उत्साहवर्धक, सूचनामूलक, विषय तथा तहसँग आवद्धता)<br>• मनोसंवेगात्मक/मनोसामाजिक व्यवस्थापन<br>○ शिक्षकको व्यवहार (भाषा, क्रियाकलाप)<br>○ कक्षाकोठा आचारसंहिता<br>○ उत्प्रेरणा<br>○ बालबालिकाको तनाव व्यवस्थापन<br>○ विविधता व्यवस्थापन (भाषा, लिंग, विशेष आवश्यकता, धर्म संस्कृति)<br>○ दुर्व्यवहार तथा हतोत्साह न्यूनीकरण<br>○ हौसला तथा पुरस्कार<br>• शैक्षणिक व्यवस्थापन<br>○ क्रियाकलाप व्यवस्थापन<br>○ विविध सिकाइ क्षमता उपयोग | |
| ५. | सह तथा अतिरिक्त क्रियाकलाप | • अवधारणा<br>○ परिचय, आवश्यकता तथा महत्त्व<br>○ फरक तथा अन्तर्सम्बन्ध<br>○ बालबालिकाको रुचि, क्षमता तथा बहुप्रतिभासँगको आवद्धता<br>○ विद्यार्थी सहभागिताको सुनिश्चितता<br>• अतिरिक्त क्रियाकलाप<br>○ योजना निर्माण<br>○ कार्यान्वयन तरिका<br>• सह क्रियाकलाप | ४ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | ○ योजना निर्माण<br>○ कार्यान्वयन तरिका<br>• कक्षाकोठाभित्रको सिकाइसँग घर तथा समुदायको सिकाइको अन्तर्सम्बन्ध | |
| ६. | विविध | • परियोजना कार्य प्रबोधीकरण<br>• लिखित परीक्षा सञ्चालन | २ |

## ६. तालिम कार्यान्वयन विधि

क. यस तालिमको लक्षित समूह आधारभूत तहमा अध्यापनरत शिक्षक हुनेछन् ।

ख. तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारुप, २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषदको मिति २०७४।०५।०६ गतेको निर्णय वमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

ग. स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने क्रममा सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मुलतः प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुनेछ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा ईमेल वा फोनमार्फत अथवा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुनेछ ।

घ. तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छ :

अ. शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिनेछ । विषयको प्रकृतिअनुसार विभिन्न क्षेत्र तथा निकायमा कार्यरत अनुभवी विज्ञलाई समेत प्रशिक्षक बनाउन सकिनेछ ।

आ. सूचना तथा सञ्चार प्रविधि एवम् अन्य सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन, समूहकार्य तथा प्रस्तुति, नमूना प्रदर्शन तथा अभ्यास लगायतका विधिको अवलम्बन गरिनेछ ।

इ. तालिमका क्रममा तोकिएको तालिम प्याकेजलगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिनेछ ।

## ७. तालिम मूल्यांकन

तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्यांकन गर्न देहायअनुसारका मूल्यांकन प्रक्रिया अनुसरण गर्नु पर्नेछ :

| क्र. सं. | मूल्यांकनका आधार | अंकभार |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्याय अभ्यास तथा प्रतिवेदन | १० |
| | जम्मा | ५० |

पुनश्चः आमने-सामने तथा स्वाध्याय दुवै अंकको उत्तीर्णांक ५० प्रतिशत हुनेछ ।

**ग्रेडिङ पद्धति**

| | |
|---|---|
| ९० प्रतिशत र सोभन्दा माथि अंक आएमा | विशिष्टतासहित प्रथम श्रेणी |
| ८० प्रतिशत र सोभन्दामाथि अङ्क आएमा | प्रथम श्रेणी |
| ६५ प्रतिशत र सोभन्दामाथि अंक आएमा | द्वितीय श्रेणी |
| ५० प्रतिशत र सोभन्दामाथि अंक आएमा | तृतीय श्रेणी |
| ५० प्रतिशतभन्दा तलको अंक आएमा | अनुत्तीर्ण वा असफल |

च. लिखित परीक्षाको प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको ग्रिड अवलम्बन गर्नु पर्नेछ :

| क्र. सं. | प्रश्नको प्रकार | प्रश्न संख्या | प्रतिप्रश्न अंक भार | पूर्णांक |
|---|---|---|---|---|
| १. | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २. | संक्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३. | समस्यामूलक | १ | ५ | ५ |
| | जम्मा | १६ | | २५ |

## ७. परियोजना कार्य

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्यय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको बिशिष्टीकरण मापदण्ड बमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ ।

**परियोजना कार्य विशिष्टीकरण मापदण्ड**

स्वाध्याय अभ्यास खण्डका लागि जम्मा सात ओटा कार्य निर्धारण गरिएको छ । जसमा परियोजना १ र परियोजन २ अनिवार्य रहेका र बाँकीमध्ये दुई ओटा गरी जम्मा चार ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग प्रतिवेदन दस्तावेज शैक्षिक तालिम केन्द्र समक्ष अनिवार्य रुपमा पेस गर्नुपर्ने छ :

**परियोजना कार्य - १: पाठयोजनामा आधारित शिक्षण अभ्यास**

(क) फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने

(ख) प्रत्येक पाठ योजनाका आधारमा शैक्षिक सामग्री विकास गर्ने

(ग) प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने

(घ) पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने


(ङ) प्रत्येक पाठ शिक्षण पछि विद्यार्थीको पृष्ठपोषण संकलन गर्ने

(च) परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने

नोटः यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने ।

**परियोजना कार्य - २: कार्यमूलक अनुसन्धान**

कार्यमूलक अनुसन्धान गर्दा विभिन्न चक्र वा चरण अपनाउन सकिन्छ । तिमध्ये शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार गर्नुपर्नेछ ।




**परियोजना कार्य -३** : सम्बन्धित विषयको पाठ्यक्रमबाट कुनै एक एकाइको कार्यान्वयन योजना निर्माण

- पाठ्यक्रमका क्षेत्रहरूको संक्षिप्त समीक्षा
- एउटा एकाइको विस्तृत कार्यान्वयन योजना
- परिमार्जित ब्लुम्स ट्याक्सोनोमीको आधारमा कम्तीमा एउटा नमूना पाठयोजना कार्यान्वयन एवम् प्रतिविम्बन सहितको संक्षिप्त प्रतिवेदन

**परियोजना कार्य -४** : विद्यार्थीका बहुप्रतिभा पहिचान तथा शिक्षणमा अनुकुलन

- कक्षाकोठामा बहुप्रतिभा पहिचानका कुनै दुई वा तिन तरिका अवलम्बन गरी तिनको प्रतिविम्बन (साधन निर्माण सहित)
- पहिचान गरिएका बहुप्रतिभा अनुकुल शिक्षण विधि तथा क्रियाकलापसहितको पाठयोजना निर्माण, कार्यान्वयन र प्रतिविम्बन
- आइपरेका चुनौति तथा न्युनीकरण गर्न गरिएका प्रयास

**परियोजना कार्य -५** : पाठ्यक्रममा व्यवहार कुसल सिप अध्ययन

- आफूले शिक्षण गर्ने विषयको पाठ्यक्रममा व्यवहार कुसल सिपसँगको आवद्धता अध्ययन
- पाठ्यक्रममा स्पष्ट रुपमा यस्ता रूसिप समावेश नभएको अवस्थामा अपनाउन सकिने उपायहरू उल्लेख गरी कुनै एकको कक्षाकोठामा कार्यान्वयन र सोको प्रतिविम्बन सहितको संक्षिप्त प्रतिवेदन

**परियोजना कार्य -६** : स्थानीय परिवेशमा कक्षाकोठा व्यवस्थापनको अवस्था विश्लेषण

- आफ्नो परिवेशमा कक्षाकोठा व्यवस्थापनका विविध पक्षहरुको विवेचना
- थप सुधारका लागि गरिएको योजना तथा त्यसको कार्यान्वयन
- सिकाइमा आएको सुधारसहितको प्रतिवेदन

**परियोजना कार्य -७** : सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन

- आफ्नो विद्यालयमा कुनै एक प्रकारको सह वा अतिरिक्त क्रियाकलाप योजना निर्माण
- योजना बमोजिम क्रियाकलाप सञ्चालन
- सोको विस्तृत विवरण तथा फोटो वा भिडियो सहितको प्रतिवेदन

**ΩΩΩ**